बरेङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

गण्डकी प्रदेश, नेपाल

२०७३

पत्र संख्या : २०८०/०८१

चलानी नं. :

मिति : २०८०/१२/१६

ने.सं. ११४४ सिल्लागा ४ शुक्रवार

## सूचना

प्रस्तुत विषयमा यस बरेङ गाउँपालिकाभित्र सञ्चालनमा रहेका सबै प्रकारका सहकारी संघसंस्थाहरूलाई सहकारीमा समस्या आउन नदिन जिल्ला सहकारी संघ लिमिटेड बागलुङले **"सहकारीमा सुशासन प्रविधि र एकीकरण"** भन्ने मुल नाराका साथ ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर **सहकारीको वर्तमान अवस्था विषयक अन्तरक्रिया कार्यक्रम** यहि मिति २०८०/१२/२० गते जैमिनी नगर पालिका-१, कुश्मिशेरा बजारमा हुनेहुँदा सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।साथै जिल्ला सहकारी संघ लिमिटेडको पत्र समेत यसै साथ संलग्न रहेको र सो पत्रबाट थप व्यहोरा अवगत गर्नुहुन समेत अनुरोध गरिन्छ ।

२०८०।१२।१६

.......................

जित बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

१. श्री वडा कार्यालयहरू (सबै), वडामा सञ्चालित सहकारी संस्थाहरूलाई जानकारी गराउनुहुन ।

# ६७ औं राष्ट्रिय सहकारी दिवस सम्बन्धी कार्यक्रमहरु
## (सहकारीमा सुशासन : प्रविधि र एकीकरण)
## आयोजक : जिल्ला सहकारी संघ लिमिटेड, बागलुङ
## सहयोगी निकाय : बागलुङका १० वटै पालिकाहरु

### कार्यक्रम सम्बन्धी थप जानकारी

१. बुर्तिबाङ, हटिया, कुश्मीसरा र विहु सुल्डाडामा हुने कार्यक्रममा सम्बन्धित पालिका भित्रका सम्पूर्ण सहकारी संघ संस्थाका अध्यक्ष, सचिव र प्रवन्धक सहित पालिकाका प्रमुख/अध्यक्षहरु, उपप्रमुख/उपाध्यक्षहरु, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृतहरु र सहकारी शाखा प्रमुखहरुको सहभागिता रहनेछ ।

२..बागलुङ बजारमा हुने कार्यक्रममा बागलुङ नगरपालिका भित्रका सम्पूर्ण सहकारी संघ संस्थाका सञ्चालक समिति, कर्मचारी, शेयर सदस्यहरु आ-आफनो ब्यानर सहित उपस्थित भई र्‍याली सहित मुख्य समारोह हुनेछ ।

३. जिल्ला सहकारी संघसंगको सहकार्य बाहेक जिल्ला भित्रका १० वटै पालिका, ८ वटै विषयगत सहकारी संघहरु र सबै प्रारम्भिक सहकारी संस्थाहरुलाई रचनात्मक, सिर्जनात्मक तथा सन्देशमुलक तरिकाले आ-आफ्नो कार्यालय तथा संघ संस्थाको तर्फवाट सहकारी दिवस मनाउन आव्हान गरिएको छ ।

४. राष्ट्रिय सहकारी दिवसका अवसरमा आयोजित सबै कार्यक्रममा प्राविधिक सहयोग राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखा र बागलुङ कोअपरेटिभ म्यानेजर्स क्लव (सिएमसी) ले गर्नेछन् ।

पान नं.: ६०७२७२४०४

दर्ता नं.: २२२/०६४/०६५

# जिल्ला सहकारी संघ लिमिटेड, बागलुङ

**District Co-operative Federation Limited, Baglung**

स्था.: २०६४

(Estd: 2064)

पत्र.सं.: २०८०/२०८१

च नं.: ३२

मिति : २०८०/१२/१२

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

बरेङ गाँउपालिका

बागलुङ

**विषय : ६७ औं राष्ट्रिय सहकारी दिवश मनाउने सम्वन्धमा ।**

उपरोक्त सम्बन्धमा जिल्ला सहकारी संघ लिमिटेड वागलुङले स्थानीय पालिकासंगको समन्वय र सहकार्यमा **"सहकारीमा सुशासन: प्रविधि र एकीकरण"** भन्ने मुल नाराका साथ **६७ औं राष्ट्रिय सहकारी दिवस** विविध कार्यक्रमका साथ मनाउन गईरहेको सहर्ष जानकारी गराउदै यहाँको पालिका भित्र रहेका सहकारी संस्थाहरुसंग निम्न मिति समय र स्थानमा ***सहकारीको वर्तमान अवस्था विषयक अन्तरक्रिया*** कार्यक्रम राखिएकाले त्यस पालिकाभित्र रहेको हरेक सहकारी संस्थाबाट अध्यक्ष, सचिव र प्रवन्धक सहित ३ जना कार्यक्रममा सहभागिताका लागी सुचना संप्रेषण गरिदिनु हुन तथा उक्त कार्यक्रमका लागि आर्थिक सहयोग समेत व्यवस्था गरिदिनुहुन हार्दिक अनुरोध गदर्छौं ।

**तपशिल**

मिति - २०८० चैत्र २० गते

समय - बिहान ११ वजे

स्थान - कुश्मिशेरा बजार

..................

तेजप्रसाद शर्मा

सचिव

फोन नं. : ०६८-५२०४३३ Email- jisa.sanghbaglung@gmail.com